REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs Date:

27.09.2024

- CMs Meeting

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले राज्यमा प्रभावित जमीनको मुद्दामाथि सम्बोधन गर्न आज राष्ट्रिय राजमार्ग तथा पूर्वाधार विकास निगम लिमिटेड (NHIDCL), सीमा सड़क संगठन (BRO) र पावर ग्रिड निगम, भारत (PGCIL)-का प्रतिनिधिहरूसित बैठक गर्नुभयो। सम्मान भवनमा बसेको बैठकको अध्यक्षता गर्दै मुख्यमन्त्रीले भूमि अधिग्रहण र विभिन्न स्थानमा सड़क मार्ग अनि राजमार्गको विकाससित सम्बन्धित विषयमाथि विस्तृत जानकारी लिनुभयो, जसमा क्षतिपूर्ति र विवादमाथि चिन्ता पनि शामेल छ।

बैठकमा परियोजनाको प्रगतिमा भइरहेको ढिलाईसित सम्बन्धित प्रक्रियालाई सुव्यवस्थित गर्न र यसको जाँचबारे सम्भावित समाधान निकाल्ने विषयमा चर्चा भयो। यसका साथै विभिन्न विवादको प्रभावी तरिकाले मध्यस्थता गर्ने सम्बन्धमा पनि बैठकमा चर्चा भयो।

मुख्यमन्त्री श्री तामाङले जमीन मालिकहरूको गुनासोको समाधानका लागि संगठित पहुँचको सुझाउ दिँदै आधारभूत पूर्वाधारको विकासलाई सुविधाजनक बनाउनमा शामेल एजेन्सीहरू र विभिन्न सम्बन्धित विभागहरूबीच सहकार्यको महत्त्वमाथि प्रकाश पार्नुभयो।

बैठकमा मुख्य सचिव, पुलिस महानिदेशक, विभिन्न विभागका सचिवगण, जिल्लाधीशगण, महकुमाअधिकारीहरू र अन्य उपस्थित थिए।

--------------------------------------X--------------------------------------

- World Tourism Day Message

आज विश्व पर्यटन दिवस हो। यस अवसरमा पर्यटन मन्त्रालयले पर्यटन मित्र र पर्यटन दीदी नामक एउटा राष्ट्रिय दायित्वपूर्ण पर्यटन पहल शुरू गरेको छ। यस पहलको प्राथमिक उद्देश्य पर्यटन स्थलहरूमा पर्यटकहरूको समग्र अनुभवलाई उत्कृष्ट बनाउनु हो। मन्त्रालयले भनेको छ, यस पहलअन्तर्गत महिलाहरू र युवाहरूको प्रशिक्षणमाथि विशेष ध्यान केन्द्रित गरिनेछ।
यसैक्रममा, मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले मानिसहरूलाई विश्व पर्यटन दिवसको शुभकामना दिनुभएको छ। उहाँले यस अवसरमा सबैसित आफ्नो विश्वको सुन्दरता र विविधता, हाम्रो साझा विविधताको समृद्धि र पर्यटनद्वारा समुदाय र व्यक्तिविशेषका लागि उपलब्ध गरेको अवसरलाई पालन गरौं भन्नुभएको छ। श्री तामाङले भन्नुभएको छ, पर्यटन भनेको नयाँ स्थानको भ्रमण गर्नु मात्र होइन, तर यो मानिसहरूसित जोड़िने, जीवनका विभिन्न स्तरको कदर गर्ने र प्राकृतिक अनि सांस्कृतिक सम्पदालाई आगामी पुस्ताका लागि संरक्षण गर्नेबारे हो।

---------------------------------------X---------------------------------------

- SECB Inauguragion

विद्युत विभागका सल्लाहकार श्री सञ्जीत खरेलले आज LLHP परिसरमा अवस्थित उत्तरपूर्वी भारतकै पहिलो उत्कृष्ट उर्जा संरक्षण भवनको उदघाटन गर्नुभयो। यो मुख्यमन्त्री श्री प्रेमसिंह तामाङको दुरदर्शी नेतृत्वमा भएको ऐतिहासिक सफलता हो।

श्री खरेलले भन्नुभयो, यो पहल यस क्षेत्रमा टिकाउ विकास र उर्जा दक्षताको दिशामा महत्त्वपूर्ण कदम हो। उहाँले सबै मिलेर हरित भविष्यको मार्ग प्रशस्त गरिरहेको बताउँदै सबैसित उर्जा संरक्षण र नवाचारको दिशामा उत्कृष्टता हासिल गर्न प्रयास जारी राख्ने आग्रह गर्नुभयो।

---------------------------------------X---------------------------------------

- Poshan Maah

महिला तथा बाल विकास विभागअन्तर्गत शहरी झोपड़ी परियोजना, गान्तोकले लुम्सेस्थित आगनवाड़ी केन्द्रमा पोषण माह 2024-को समापन कार्यक्रम आयोजन गऱ्यो।
सड़क एवं पुल विभागका क्षेत्रीय यान्त्रिक अभियन्ता श्री टिकाराम शर्मा मुख्य अतिथि रहेको कार्यक्रममा उपनिदेशक एवं गान्तोकका बाल विकास परियोजना अधिकारीले उचित आहार कायम राख्नुपर्ने महत्त्वमाथि प्रकाश पार्नुभयो। उहाँले यस क्षेत्रमा बालबालिका र आमाहरूको पोषण आवश्यकतामाथि बहुमूल्य जानकारी र विशेषज्ञता पनि साझा गर्नुभयो। उपनिदेशकले समुदायलाई समग्र स्वास्थ्य तथा कल्याण कायम राख्नमा सन्तुलित पोषणको महत्त्वमाथि प्रकाश पार्दै विशेष आहार सम्बन्धी आवश्यकता र स्थानीय खाद्य प्रथाबारे अवगत गराउनुभयो।
कार्यक्रममा कोदोको महत्त्वमाथि प्रकाश पार्नका साथै आगनवाड़ी कार्यकर्ता र आगनवाड़ी सहयोगीहरूबीच खाना पकाउने प्रतियोगिता गराइयो।

---------------------------------------X---------------------------------------

- Coordination Meeting

जिल्ला प्रशासनिक केन्द्र, गेजिङको सम्मेलन कक्षमा आज स्वच्छता ही सेवा अभियानमाथि चर्चा गर्न आयोजित समन्वय बैठक सम्पन्न भयो। बैठकको अध्यक्षता गर्दै गेजिङ मुख्यालयकी अतिरिक्त जिल्लाधीश सुश्री रजनी शर्माले अभियानमाथि विस्तृत जानकारी प्रदान गर्नुभयो, जसको उद्देश्य स्वच्छता ही सेवा अभियान 2024-बारे शिक्षक र विद्यार्थीहरूलाई जानकार बनाउनु हो। उहाँले अभियानको पालन गर्न विद्यालयहरूले गर्नुपर्ने विभिन्न गतिविधिबारे पनि चर्चा गर्नुभयो। सुश्री शर्माले यस कार्यक्रममाथि नविन विचारहरू निकाल्न विद्यालयहरूलाई प्रोत्साहित पनि गर्नुभयो।

मुख्यालयका महकुमा अधिकारी श्री पुल्कितले स्वच्छता ही सेवा-को नारालाई आत्मसात गर्दै सामुदायिक सहभागिता मार्फत सरसफाई र स्वच्छताबारे जागरूकता फैलाउने अभियानको लक्ष्यमाथि जोड दिँदै वातावरणीय र सांस्कृतिक सरसफाईको महत्त्वमाथि जोड दिनुभयो।

---------------------------------------X---------------------------------------

- General Meeting Mangan

मंगन जिल्ला सहकारी दूग्ध उत्पादक संघ लिमिटेडको दोस्रो वार्षिक आम बैठक आज जिल्ला प्रशासनिक केन्द्र, मंगनको सम्मेलन कक्षमा बस्यो। संघका प्रबन्धन निदेशक श्री BR खतिवड़ाले स्वागत सम्बोधनसितै वित्त वर्ष 2008-09-देखि 2023-24-को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभयो।

बैठकमा संघका नवनियुक्त बोर्ड सदस्यहरूलाई स्वागत जनाउनका साथै पुराना सदस्यहरूलाई उनीहरूको समर्पित सेवाको सम्मान गर्दै प्रमाणपत्र र स्मृति चिन्ह प्रदान गरियो।

आफ्नो सम्बोधनमा डाक्टर हिस्से डोमा लेप्चाले नवनियुक्त सदस्यहरूलाई बधाई दिँदै सबै दूग्ध संघका सदस्यहरूप्रति आभार व्यक्त गर्नुभयो अनि संघको विकास र सफलताका निम्ति निरन्तर रूपमा आफ्नो महत्त्वपूर्ण योगदान दिन सबैलाई प्रोत्साहित गर्नुभयो।

---------------------------------------X---------------------------------------